वकालत मञ्च-नेपाल
ADVOCACY FORUM-NEPAL
Lawyers forum for human rights and rule of law

प्रेस नोट

प्रहरी हिरासतमा बालबालिका सबैभन्दा बढि यातनाका शिकार, काठमाडौं, बाँके र झापामा धेरै यातना, बागलुङ र म्याग्दीमा शून्य

काठमाडौं, ११ असार । नेपालमा प्रहरी हिरासतमा यातना बढेको पाइएको छ ।

"यातना पीडितहरुका लागि अन्तर्राष्ट्रिय सहयोग दिवस"को पूर्वसन्यामा एड्भोकेसी फोरम नेपालले शनिबार राजधानीमा सार्वजनिक गरेको प्रतिवेदन "सन २०१५ मा यातना निरन्तरता" तथ्यांकमा प्रहरी हिरासतमा हुने यातना बढेको पाइएको हो । एड्भोकेसी फोरमले सन २०१५ मा विभिन्न १० वटा जिल्लाका प्रहरी हिरासतहरुको भ्रमण गरी १ हजार २ सय १२ जना थुनुवाहरुसँग अन्तवार्ता लिएकोमा ती मध्ये १७ दशमवल २ प्रतिशत थुनुवाहरुले यातना तथा दुर्व्यवहार भएको गुनासो गरेका थिए । जबकी सन २०१४ मा यातनाको प्रतिशत १६ दशमलव २ प्रतिशत रहेको थियो ।

यो तथ्याङ्कले नोभेम्बर २०१५ मा भएको विश्वव्यापी आवधिक समिक्षाका दौरान नेपालले यातनालाई आपराधिकरण गरिने, यातनाका घटनाहरुलाई निष्पक्ष ढंगले अनुसन्धान गरिने र पीडितलाई परिपूरणको अधिकार दिइने प्रतिवद्धता विपरित देखिएको एड्भोकेसी फोरमका का.मु. निर्देशक ओम प्रकाश सेन ठकुरीले जानकारी दिनुभयो ।

उहाँका अनुसार, बालबालिकालाई गरिने यातना तथा अन्य क्रुर, अमानवीय र अपमानजनक व्यवहार प्रमुख चिन्ताको विषय रहिरहेको छ । 'बालवालिकामाथि हुने यातनाले गम्भिर ध्यानाकर्षण गरेको छ किनभने एड्भोकेसी फोरमको तथ्याङ्कले २१.८% बालवालिकाहरुमा यातना हुने गरेको देखाएको छ जुन वयस्क थुनुवाहरुमाथि हुने यातना (१५.९%) यातना भन्दा बढि हो ।,'कामु निर्देशक सेनले भन्नुभयो - 'बालवालिकाहरुलाई थुनामा राख्दा के कारणले पक्राउ गरी थुनामा राखिएको हो भन्ने जानकारी नदिइने गरेको पाइएको छ । यातनाको गुनासो गर्नेमध्ये एक चौथाई १८ बर्ष भन्दा मुनीका थुनुवा बालकहरु थिए ।'

यसैगरी, बाँके, काठमाडौं र झापा जस्ता केही जिल्लाहरुमा यातनाको स्थिति उच्च रहेको देखिन्छ भने रुपन्देही जिल्लामा गत बर्षको तुलनामा यातनाको मात्रा बढेको पाइएको छ । प्रतिवेदनका अनुसार, जिल्लापिच्छे यातनाको अवस्था फरक छ । सन् २०१५ को अघिल्लो ६ महिनाको मात्र तथ्याङ्कलाई हेर्ने हो भने सबैभन्दा बढी यातना झापा जिल्लामा (३४%) रहेको देखिन्छ । बार्षिक तथ्याङ्कलाई हेर्ने हो भने बाँकेमा २५.८%, काठमाडौंमा २४.३% र कास्कीमा २०% थुनुवालाई यातना दिइने गरेको देखिन्छ । यसका विपरित बागलुङ्ग र म्याग्दीमा गरिएको केहि भ्रमणका अवसरमा यातना नभेटिएको देखिएको छ भने कञ्चनपुर र पर्वतमा भ्रमणका

Head Office: P.O.Box No. 21798, Shantiniketan Marg 94/14, Gairidhara, Kathmandu, Nepal, Phone: 977-1-4415789 / 4004007 / 8,
Fax: 977-1-4426698, E-mail: info@advocacyforum.org.np, URL: http://www.advocacyforum.org

District Offices:

क्रममा केहि यातनाका घटना हुने गरेको देखिएको छ । त्यस्तैगरी रुपन्देहीमा अन्य जिल्लाका तुलनामा न्यून यातना देखिए पनि गत बर्षको २.४% यातनावाट बढेर १०.९% यातना देखिएको छ ।

यसैगरी, अन्य समूह भन्दा जनजातिय समूहका थुनुवाहरुमाथि बढि यातना भएको प्रतिवेदनमा उल्लेख छ । अधिकांश थुनुवाहरुलाई कानून सम्मतरुपमा थुनामा राख्नुपूर्व स्वास्थ्य परिक्षण गराइएको पाइए पनि त्यस्ता स्वास्थ्य परिक्षणको गुणस्तरका सम्बन्धमा अधिंकाश गुनासो रहेको पाइयो । कानूनी प्रावधान विपरित अधिकांश थुनुवाहरुलाई आफू पक्राउ पर्नुको कारण बारे थुनामा पर्नु अघि थाहा नभएको गनासो गरेको थिए ।

कसरी दिइन्छ यातना ?

यातनाका मुख्य प्रवृतिहरुमा मुडकीले हान्ने, लाठी वा बाँसका लाठी, पलाष्टिकका पाइपले कुट्ने वा लात्तिले हान्ने आदि रहेको पाइएको छ । त्यस्तै थुनुवाहरुले श्वासप्रश्वास अवरुद्ध हुने गरी नाक र मुखमा पानी खन्याइदिने गरेको गुनासो गरेका थिए । थुनुवाहरुलाई ज्यान मार्ने धक्की, सावितीं बयान दिन करकाप गर्ने र न्यायाधिश, चिकित्सक र मानवअधिकारवादीलाई यातनाका बारेमा बताएमा अझ बढि यातना दिने धम्की दिने गरेको देखिएको प्रतिवेदनले जनाएको छ ।

हरेक वर्ष २६ जुनमा यातनाका पीडितहरुको सहयोगार्थ अन्तर्राष्ट्रिय दिवस मनाउने गरिन्छ । नेपालमा पनि आईतबार यातना विरुद्धको दिवस मनाइदैछ ।